# २५० औं इन्द्रजात्रामा श्रीकुमारीको रथयात्रा

**आनन्द रत्न शाक्य**



जैशिदेवल यूथ क्लवको प्रांगणमा २०६४ साल भाद्र १५ गते भू. पू. वडा अध्यक्ष्य श्री जुजुकाजी तण्डुकार को संयोजकत्वमा गठित २५० औं श्री कुमारी रथयात्रा समारोह समिति ( कोनेयाः ) को विषयमा सरसल्लाह गर्न विभिन्न टोल तथा संघ संस्थाका प्रतिनिधिहरुलाइ गरेको निमन्त्रणा अनुसार कीर्तिपुण्य महाविहार शाक्य सर्वसंघको उपाध्यक्षको हैसियतले मैले त्यस समारोह समितिको मिटिंगमा भाग लिएको थिएँ ।

त्यस अवसरमा उपस्थित विभिन्न समूदाय तथा व्यक्तिहरुको वक्तव्य मध्ये देशेमरु झ्याः का प्रमुख ज्यू ले तथा अन्य व्यक्तिहरुवाट पनि श्रीकुमारीको विषयमा विभिन्न मीठा मीठा कुराहरु सुन्ने मौका पाएँ । त्यहाँ श्रीकुमारीको २५० औं रथयात्रा होइन कि ? भन्ने जस्तो कुरा उठेको थियो । तर श्री कुमारी रथयात्रा २५० दँ समारोह समिति ने स ( ८७७-११२७ ) अनुसार यस वर्ष श्रीकुमारीको रथयात्रा सुरु भएको २५० वर्ष नै देखिन्छ ।

कुमारीको पूजा गर्ने तथा कुमारी प्रथा भने निक्कै पुरानो मानिन्छ । किनकि देवी देवताहरु कहिले देखि आयो भन्ने कुरा थहापाउन गाह्रो छ । तैपनि इतिहास अनुसार गुणकामदेव ले शहर वसालेको समय वि सं ७८० देखि यस स्थानमा कुमारीको प्रचलन भैसकेको थियो । कुमारी राज्यको प्रमुख देवी मानिन्छ । त्यस वेलाका शासकहरुमा दैवी शक्ति भएको हुनाले श्रीकुमारी संग प्रत्यक्ष्य कुरा गर्न सकिने र श्रीकुमारीको निर्देशानुसार राज्य संचालन गर्ने कुरा इतिहासले पनि देखाएको छ । इतिहास अनुसार त्रैलोक्य मल्लको सपनामा श्रीतुलजा भवानी ( श्रीकुमारी ) ले कुराकानी गरि राजालाइ एक (हिराफो) यन्त्र दिएको थियो । सो यन्त्र कुनै स्वास्नी मानिस या केटीहरु वाट वचाउनु पर्छ नत्र यस्को शक्ति छीन हुनेछ भनेको हुंदा गोप्य ठाउँमा राखि पूजा गर्ने र पूजा गर्दा देवी प्रकट हुने, देवीको आज्ञा मुताविक राज्य गर्दा सुख चैन आउने गर्थे । एक दिन राजाको छोरीले उक्त यन्त्र छोएको हुनाले देवी प्रकट भएन । देवी प्रकट नभएपछि राजाले विरहका साथ देवीलाइ पुकारेको हुनाले देवीले आकाशवानी वाट कुनै शाक्यका कुमारी केटीलाइ कुमारी थापना गर्नु म उनको जीउमा प्रवेश गरि आवश्यक निर्देशन दिने कुरा बताए । सोहि समय देखि शाक्य परिवारकी केटी जिउँदो कुमारी वनिन । सो परम्परा हाल सम्म पनि कायम छ । यो हिसाव वाट श्रीकुमारीको प्रथा धेरै पुरोनो देखिन्छ । तर मल्लकालिन अन्तिम राजा जयप्रकाश मल्ललाइ अनेक प्रकार वाट अप्ठेरो परिराखेको समयमा सपनामा श्रीकुमारीवाट दर्शन दिइ मेरो रथयात्राले देश परिक्रमा गराएमा तेरो राजगर्ने समय १२ वर्ष लम्विने छ भन्ने आज्ञा भएनुसार जयप्रकाश मल्लले वि सं १८१३ भाद्र मा श्रीकुमारीको रथ यात्रा व्दारा देश परिक्रमा गराएको र त्यसको तीन वर्ष पछि कुमारी घरको निर्माण पनि गरेका थिए । ठीक १२ वर्ष पछि १८२५ भाद्र मा पृथ्वीनारायण शाहवाट जयप्रकाश मल्ललाइ हराइ शाह शासन कायम गरियो । परम्परानुसार श्रीकुमारीलाइ श्रद्धा पूर्वक पूजा अर्चना गरि राज्यलाइ स्थिर गरियो भन्ने कुरा इतिहासमा उल्लेख गरिएको पाइन्छ । तदनुसार २०६४ वाट १८१३ घटाउदा २५० नाघेर ५१ मा छुन आउछ । सोही अनुसार २५० औं रथ यात्र मनाउन लागेको देखिन्छ । ने सं र वि सं ९३७ वर्ष फरक भएको र ने सं

कार्तिकमा तथा वि सं  बैशाखमा फेरिने भएकोले १ वर्ष यता उता पर्न जान्छ। सो अनुसार ने स ं ८७७ वाट ११२७ २५० वर्ष हुन आउछ।

उल्लेखित कुरा अनुसार पनि श्रीकुमारी अति प्रभावशाली देवी प्रमाणित हुन आउँछ र सोही अनुसार मल्ल राजाहरुले देशमा कुनै नयां सिक्का आदि प्रचलनमा ल्याउदा सवैभन्दा पहिला श्रीकुमारीलाइ नै चढाउने गरिन्छ। र कुमारीको रथयात्रा सुरु गर्नु अघि मल्ल राजाहरु वाट नयाँ सिक्का चढाउने र कुमारी यात्राको अन्तिम दिन ननिचा याः को दिन कुमारी घरमा गइ असर्फी चढाएर टीका ग्रहण गर्ने गरिन्छ।राज्य प्रमुख वाट वर्षको दुइ पटक दशैं र इन्द्रजात्रामा असर्फि चढाउने परम्परा छ।  यो कार्य हाल सम्म कायम छ।  सो कार्य पूरा नभएमा देशमा विध्न वाधा आउने कुरा कौसी तोषाखानाका हाकिम स्व गोपाल दास वैद्य ( डा. तुल्सी राम वैद्य ) का बुवाको भनाइ अनुसार ०११ सालमा राजा त्रिभुवनले श्रीकुमारीको हातवाट टीका ग्रहण नगरी स्वीट्जरलाण्ड गएको फर्किन पाएन , ०२८ सालमा राजा महेन्द्र वाट पनि टीका ग्रहण गर्न छुट भयो। ०२८ साल माघ १७ मा महेन्द्रको स्वर्गीय भयो  र राजा वीरेन्द्रलाइ दशैमा श्रीकुमारी वाट टीका नलगाइएको भन्ने हल्ला सुनिन्छ। त्यस्तै प्रत्येक १२।१२ वर्षमा पचली भैरव, भद्रकाली तथा स्वेतकाली वाट खड्ग सिद्धी अर्थात राजा र देवटाको खडग साटा साट गरि शक्ति प्रदान गर्ने कार्य गरिन्छ। जुन कार्य वाट १२ वर्षको निम्ति शक्ति प्राप्त गर्ने भनिन्छ।  श्रीकुमारी वाट पनि राजा जयप्रकाश मल्ललाइ १२ वर्षको निम्ति राज्य शक्ति प्रदान गरिएको पुस्ति हुन आउछ। यो हिसाव वाट पनि श्रीकुमारी शक्तिशाली देवी भएको देखिन्छ। राणा शासकहरुले पनि कुमारीलाइ अति मान्ने गरिन्छ। त्यसैले जंगबहादुरले देशको रकमको लेखा जोखाको हिसाब राख्ने अड्डा श्री कुमारीचोकको नाम वाट राखियो जस्को हाकिम स्वयम जंगबहादुर नै थियो। हालको कौसि तोषाखाना वाट हाल सम्म पनि अनेक देवी जात्रालाइ व्यवस्थि तगर्न रकम प्रदान गर्ने गरिन्छ।

नेवारहरुको कुनै पनि शुभ कार्य या पूजामा कुमारी पूजा गर्नु पर्ने भएकोले प्रत्येक घर, टोल आदिमा कुमारकिो स्थान छुत्याइएको हुन्छ। प्रत्येक हलमा पनि कुमारीको स्थापना गरिएको हुन्छ। फिलिम शुरु गर्नु अघि कुमारी पूजा गरिन्छ। यो सवै हामीले देखि राखेको कुरा हो।  इन्द्रजात्रामा कुमारीको रथका साथै हाल गणेश तथा भैरवको पनि रथ परिकमा गराउने गरिन्छ। कुमारी जतिकै गणेश तथा भैरवको पनि उत्तिकै महत्व भएकोले इन्द्रजात्राको समयमा गणेश तथा भैरवको पनि रथ घुमाउने चलन पछि थप गरिएको हो। इन्द्रजात्रामा पछिल्लो जात्रा ननिचा याः राणा कालमा थप गरिएको देखिन्छ। कुमारीको महत्व इन्द्रजात्रामा मात्र नभै अन्य देवी नाचहरु जस्तै देवी नाच, गण नाच पचली भैरव नाच, स्वेतकाली नाच आदिमा पनि कुमारीको महत्वपूर्ण भूमिका देखिन्छ।